# स्थानीय राजपत्र

ईन्द्रावती गाउँपालिका द्धारा प्रकाशित

खण्ड ६) नवलपुर, सिन्धुपाल्चोक, पुष ७ गते, २०७९ साल (संख्या ६

## भाग २

### स्थानीय सरकार

## ईन्द्रावती गाउँपालिका

**नवलपुर, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल**

## ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको सूचना

ईन्द्रावती गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

# साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन कार्यविधि, २०७९

## प्रस्तावना

यो परियोजना ईन्द्रावती गाउँपालिकाको आ.व.२०७९/०८० को बार्षिक स्वीकृत बजेट अनुसार कार्यक्रमको सुरु गरी यस गाउँपालिकाको स्थानहरु मा पकेट क्षेत्र स्थापना तथा विस्तार सम्बन्धि कार्य विधि तयार गरी कृषक समुह तथा सहकारी संस्था मार्फत प्रचलित क्षेत्रफलमा त्यो क्षेत्रको पहिचान दिन सक्ने बालीको खेति विस्तार गरी उत्पादन तथा उत्पादकत्व बृद्धी गरी कृषकको आयस्तर बढाउन तथा व्यवसायिक रुपमा खेति गर्नको लागी प्रोत्साहित एवम अभिप्रेरित गराई स्थानीय मौलिक स्रोत तथा जैविक विविधताको संरक्षण ,उपभोग गरी साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनका उल्लेख भएको व्यवस्था बमोजिम ईन्द्रावती गाउँपालिकाको गाउँ कार्यपालिकाले नेपालको संविधान २०७२ वमोजिम साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन कार्यविधि - २०७९ तयार गरी लागु गरीनेछ। यस परियाजना अन्तरगतका ४ वटा सम्भागहरु (पकेट,ब्लक,जोन र सुपरजोन) रहनेछन् ति मध्ये प्रथम सम्भागको रुपमा रहेको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको प्रभावकारी कार्यान्वनका सन्दर्भमा परियोजनाको दस्तावेजमा उल्लेख व्यवसाय बमोजिम स्थानीय सरकारले साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन कार्यविधि-२०७९ तयार गरी लागु गरेको छ।

## खण्ड १

## संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

२.१ यो कार्यविधिको नाम साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन कार्यविधि-२०७९ रहेको छ ।

२.२ यो कार्यविधि कार्यपालिकावाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२.३ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "परियोजना भन्नाले" स्थानीय आवश्यकता र सम्भाव्यताका आधारमा कुनै विशेष उद्देश्य पुर्तिको लागि निश्चित अवधि भित्र सिमित श्रोत साधनको समुचित प्रयोग गरी सम्पन्न गर्न सम्पुर्ण क्रियाकलाप प्रस्तावको रुपमा ल्याउने प्रकृयालाई परियोजना भनिन्छ ।

ख) "पकेट भन्नाले" स्थानीय आवश्यकता र सम्भाव्यताका आधारमा सम्भाव्य बाली वस्तु व्यावसायिक खेती देहाय बमोजिमको क्षेत्रफलमा फैलिएको गाउँपालिका स्तरमा संचालन गरेको साना व्यावसायिक उत्पादन केन्द्र सम्झनु पर्दछ । तर व्यवशायिक कृर्षि उत्पादन - व्लक संचालन गर्दा न्युनतम् ८० हेक्टर कृर्षि योग्य जमिन हुनु पर्नेछ ।

| बाली | क्षेत्रफल | कैफियत |
|---|---|---|
| खाद्यान्न वाली | ५ रोपनी | १५ हेक्टर |
| तरकारी वाली | २ रोपनी | ७ हेक्टर |
| मौरी | ५० | ३०० आधुनिक घार |
| कन्य र गोब्रे च्याउ | १० के.जी. | बीउको प्रयोग |
| फलफूल | १० रोपनी | ७ हेक्टर |
| अदुवा/बेसार | १ रोपनी | ७ हेक्टर |
| अलैची | ३ रोपनी | ७ हेक्टर |

| | | |
|---|---|---|
| ट्राउट माछा | ३०० वर्ग मिटर | जलासय १५०० वर्ग मिटर |
| प्लाष्टिक घर | ३०० वर्ग मिटर | १ हेक्टर |

ग) "समिति" भन्नाले सम्बन्धित पकेट संचालक समिति सम्झनु पर्दछ ।

## खण्ड २. उद्देश्य

कृषि क्षेत्रको आधुनिकिकरणमा योगदान पुर्याउने साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट)हरु विकास गरी छनौट गरिएको बाली/वस्तुहरुको उत्पादन र उत्पाकदत्व वृद्धि तथा रोजगारी श्रृजना गरी कृषकहरुको आम्दानी वृद्धि गर्नु यस कार्यक्रम संचालनको उद्देश्य रहेको छ ।

## खण्ड ३. पकेट निर्माण/छनौट प्रक्रिया

४.१ पकेट निर्माणका लागी देहायका कार्य/सेवा/सुविधा/पूर्वाधारहरु भएको हुनुपर्नेछः

क) सम्भावित फलफुल तथा तरकारी उत्पादन क्षेत्र (पकेट क्षेत्र) स्थापना तथा विस्तार गर्दा कृषक समुह,सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्ने ।

ख) कृषक समुह नभएका स्थानमा २०-२५ जना सम्म घरधुरी पहिचान गरी कृषक समुह गठन गर्ने ।

ग) समुह गठन गर्दा बिशेष गरी लक्षित वर्ग,सामाजिक तथा आर्थिक रुपमा पिछडिएका घरधुरी समेट्नु पर्नेछ ।

घ) साविकको जिल्ला कृषि विकास कार्यालय सिन्धुपाल्चोकमा दर्ता भएका कृषक समुह भए पनि नविकरण गरी समेट्ना सकिनेछ ।

ड) समुह गठन समान ईच्छा,आवश्यकता भएका साथै एकै ठाँउका कृषक हुनु पर्नेछ ।

च) पकेट क्षेत्रमा संलग्न समुहको सदस्यको न्युनतम जग्गाको क्षेत्रफल कम्तिमा २ रोपनीका अलावा तपशिल वमोजिमको मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

- सडकको पहुँच भएको वा हुनसक्ने ।
- सिंचाइको उपलब्धता भएको वा हुन सक्ने।
- विद्युतको उपलब्धता भएको वा हुन सक्ने।
- तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको/हुनसक्ने वा एउटै करिडोरमा रहेको।
- वित्तिय संस्थाहरुको पहुँच भएको वा हुन सक्ने।
- कृषि सेवा केन्द्रसँगको पहुँच भएको ।

४.२ यस परियाजना अन्तर्गत आगामी वर्षहरुमा सम्भाव्यता र मागका आधारमा पकेट संख्या वृद्धि गर्दै लगिने छ ।

४.४ पकेट निर्माण गर्दा भौगोलिक तथा प्राविधिक संम्भाव्यता र माटोको उर्वरा शक्तिका आधारमा प्रत्येक स्थानमा तोकिएका बालीवस्तुका पकेटहरु निर्माण गर्न चाहने कृषक समुह/कृषि कार्यमा संलग्न सहकारी/कृषि उद्यमीहरुको आवेदन माग गरी सुची तयार गरिनेछ । सुचिकृतहरु मध्येबाट आवश्यक संख्यामा पकेट क्षेत्रको छनोटका गर्न ईन्द्रावतीगाउँपालिकाको कृषि शाखाको सिफारीस अनुरुप गाउँ कार्यपालिका र संम्बन्धित विषयगत प्राविधिक ले छलफल गरी निर्णय गरिनेछ उक्त छानिएका कृषक समुह /कृषि कार्यमा संलग्न सहकारी/कृषि उद्यमीहरु वाट पकेट क्षेत्र लाई प्रार्दशिक, जवाफदेही, प्रभावकारी, विश्वशनीय तथा दिगो बनाएउनको लागि १,१ सदस्य प्रतिनिधित्व हुनेगरी विषयगत प्राविधिकको संयोजकत्व मा ९ सदस्य पकेट संचालक समिति गठन गरिनेछ ।यसरी पकेट क्षेत्र संचालन गर्न छानिएका कृषक समुह/सहकारी/कृषि उद्यमी/ प्रतिनिधित्व रहने दफा ५.१ अनुसारको पकेट संचालक समिति र सम्बन्धित

गाउँपालिकाको कृषि शाखाल बीच तोकिएका कार्यक्रमहरु संचालनका लागी एक सम्झौता हुनेछ । समिति गठन गर्दा आवश्यकताका आधारमा संचालन गरिने कार्यक्रमका सम्बन्धमा सम्बन्धित शाखा समन्वयमा सम्बन्धित पकेट संचालक समितिले सम्बन्धित पकेट क्षेका कृषक/कृषक समुह/कृषि सकहारी/कृषि उद्यमीहरुको मागमा आधारित कार्यक्रमहरुको प्रस्तावना तयार गरी सोही बमोजिम सम्झौता गरिनेछ ।

## खण्ड ४. पकेट संचालन प्रक्रिया

५.१ पकेट संचालनका सम्बन्धमा सम्बन्धित ईन्द्रावती गाउँपालिकाको कृषि शाखा सँग भएको सम्झौता बमोजिमका कार्यहरु संचालन गर्ने सम्बन्धमा खण्ड ४ बमोजिम स्थापना भएको पकेट क्षेत्रको व्यवस्थापनका लागी सम्वन्धित कृषक समुह/सहकारी/कृषि उद्यमीहरुको प्रतिनिधित्व रहने गरी कम्तिमा ३३ प्रतिशत महिला सहितको ९ सदस्यीय पकेट संचालक समिति गठन गरिनेछ । यसको लागी पकेट क्षेत्र छनौट भएपछि पकेट भित्र रहेका कृषक समूह/सहकारी/कृषि उद्यमीहरुलाई पकेट संचालक समिति गठनको लागी ७ दिनको म्याद सहित पत्राचार मार्फत वा अन्य स्थानिय संचार माध्यम मार्फत आव्हान गरिनेछ। तोकियको अवधिमा समिति गठन भई नआएमा ईन्द्रावतीगाउँपालिका को कृषि शाखाले सहजीकरण गरी १५ दिन भित्र समिति निर्माण गर्न सक्नेछ । समितिको सदस्यहरु सम्बन्धित बाली/वस्तको व्यावसायिक खेतीमा अनिवार्य संलग्न भएको हुनुपर्नेछ। उक्त समितिमा संयोजक, सदस्य सचिव र बाँकी ७ जना सदस्य रहनेछन् ।

५.२ पकेट संचालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

- पकेट संचालनका लागी आवश्यक उत्पादन सामाग्रीहरुको परिमाण, श्रोत र लागतको अनुमान गर्ने । बाली चक्रको लागी उत्पादन योजना सहितको प्रस्तावना तयार गर्ने ।
- ईन्द्रावती गाउँपालिका को कृषि शाखा समन्वयमा आवश्यक उत्पादन सामाग्रीको व्यावस्था गर्ने ।
- पकेट क्षेत्रमा संचालन गरिने कार्यक्रम कार्यान्वयन गर्ने र आवश्यक समन्वय गर्ने ।
- पकेटलाई व्यवस्थित रुपमा संचालनका लागी आधार तयार गर्ने, संलग्न कृषक समुह/सहकारी/कृषि उद्यमीहरु लगायतसँग निरन्तर सम्वाद र सहकार्य गर्ने ।
- मासिक रुपमा सम्बन्धित वडा मार्फत ईन्द्रावतीगाउँपालिका को कृषि शाखामा प्रगती प्रतिवेदन पेश गर्ने ।
- पकेट निर्माण, व्यावस्थापन, संचालन र अनुगमनका सन्दर्भमा अन्य सबै आवश्यक कार्यहरु गर्ने ।
- संचालक समितिको बैठक कम्तिमा महिनाको १ पटक समय अनिबार्य रुपमा र आवश्यकता अनुसार अन्य समयमा समेत बस्न सक्नेछ । बैठकमा समिति बाहिरका सम्बन्धित प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।
- पकेट संचालन सम्बन्धि आन्तरिक आचारसहिता (code of conduct) आवश्यक भएमा तयार गरी पालना गर्ने गराउने ।
- कार्यक्रमको दिगोपनाको लागी समितिको अवधी र समितिका पदाधिकारी तथा सदस्यहरुको पदावधी समितिले आवश्यकता अनुसार निर्धारण गर्नेछ । तर समितिका पदाधिकारी र सदस्यहरुको पदावधी २ बर्षभन्दा बढी हुनेछैन । समितिले आवश्यक विनियम तयार गरी सोही बमोजिम समितिका पदाधिकारी तथा सदस्यहरुको चयन गर्नेछ । समितिमा एकै

परिवारबाट एक भन्दा बढी व्यक्ति रहन सक्ने छैन र एकै व्यक्ति लगातार एक कार्यकाल भन्दा बढी एकै पदमा रहन सक्ने छैन । तर सदस्यको हकमा यो व्यावस्था लागु हुने छैन ।

- समिति गठन भएको ६ महिना भित्र उक्त समिति ईन्द्रावतीगाउँपालिका को कृषि शाखामा निर्धारित प्रकृया अनुरुप दर्ता हुनुपर्नेछ । उक्त समितिको नियमित नविकरण गर्ने जिम्मेवारी समितिको हुनेछ ।
- पकेट क्षेत्रमा उत्पादित वस्तको मूल्य निर्धारण, बजारिकरण, प्रशोधन लगायतका क्रियाकलापको मापदण्ड निर्धारण गरी व्यवस्थित गने
- पकेट क्षेत्रमा आवश्यक अन्य व्यावस्थापकीय कार्यहरु गर्ने ।

५.३ स्थानीय सरकारबाट प्रदान गरिने वस्तुगत सहयोग सामान्यतया पकेट सुरु भएको ३ बर्ष सम्मका लागि कायम रहनेछ । तर सम्बन्धित कृषि शाखाले बाली बस्तुको प्रकृति र आवश्यकताका आधारमा अवधि थप समेत गर्न सक्नेछ ।

## खण्ड ५. संचालन गरिने कार्यक्रम

६.१ गाउँपालिका स्तर र पकेट स्तरमा परियोजना अभिमुखिकरण

ईन्द्रावती गाउँपालिका कृषि शाखाले पकेट क्षेत्रका कृषक समुह /कषि सहकारी/कृषि उद्यमी, कृषि उपज वजार व्यवस्थापन समिति, निजि सेवा प्रदायक लगायत अन्य सरोकारवाला निकायहरुको उपस्थितिमा परियोजना र पकेट संचालन सम्बन्धमा गाउँपालिका स्तर र सम्बन्धित पकेट स्तरमा अभिमुखिकरण कार्यक्रम संचालन गर्नेछ ।

६.२ चालु तथा पूंजीगत अनुदान कार्यक्रमहरु

६.२.१ चालु अनुदान

- उत्पादन प्रविधि प्रदर्शन-

- ❖ ईन्द्रावती गाउँपालिका कृषि शाखाले सम्बन्धित पकेट क्षेत्रमा सहभागितात्मक नविन उत्पादन प्रविधि प्रदर्शन तथा स्थलगत तालिम लगायतका प्रविधि हस्तान्तरणका कार्यक्रम संचालन गर्नेछ । प्रविधि हस्तान्तरणमा ७५ प्रतिशत अनुदान रहनेछ । उक्त पकेट क्षेत्रमा जैविक विविधताको विवरण बिश्लेषणको आधारमा समुह सदस्यको माग र प्राविधिक उपयुक्तालाई मध्यनजर गरी उपयुक्त बाली वस्तुको निर्धारण गरीनेछ र समुहको सिफारिसमा उत्पादन सामाग्रीको लागी अनुदान वितरण गरीनेछ (निशुल्क दिईनेछ )
- ❖ पकेट क्षेत्र स्थापनाको लागी कार्यक्रम सञ्चालन गर्दा आवश्यक पर्ने सिप तथा क्षमता अभिवृद्धि सम्बन्धित विषयक १-२ दिने घुम्ति तालिम सञ्चालन गरीनेछ ।

- उत्पादन सामाग्री सहयोग-

ईन्द्रावती गाउँपालिका कृषि शाखाले सम्बन्धित पकेट क्षेत्रका लागी उन्नत बीउ/बेर्ना/बिरुवा/माछा भुरा/जैविक तथा वानस्पतिक विषादी/औजार उपकरण/प्राङ्गारिक मलजस्ता उत्पादन सामाग्री सहयोग गर्नेछ । उपरोक्त बमोजिमका उत्पादन सामाग्रीहरुमा स्थानीय सरकारको तर्फबाट ५० प्रतिशत अनुदान सहयोग हुनेछ भने रसायनिक तथा प्राङ्गारिक मलको हकमा विद्यमान व्यवस्था बमोजिमको अनुदान सहोग रहनेछ ।

- अन्य कार्यक्रमहरु

यसका अलावा पकेट संचालक समितिको माग र स्थानिय संभाव्यताका आधारमा परियोजना दस्तावेजको मर्म

अनुरुपका अन्य चालु खर्च अन्तरगतका कार्यक्रमहरु समेत तर्जुमा गरी संचालन गरिनेछ । जमिन बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्न प्रोत्साहन गर्ने किसिमका कार्यक्रमहरु तर्जुमा गरी संचालन गरिनेछ । परियोजना दस्तावेजमा स्वेच्छिक रुपमा जमिनको एकीकरण गर्ने अवधारणा अवलम्बन गरिएको सन्दर्भमा बार्षिक बजेट तथा कार्यक्रममा उल्लेख गरी जमिनको एकीकरणको लागी उत्प्रेरित गर्न अनुदानको व्यावस्था गरिनेछ ।

६.२.२ पूंजीगत अनुदान

पूंजीगत अनुदान वापत प्रत्येक पकेटका लागी निश्चित बजेट विनियोजन गरिनेछ । बिनियोजित बजेटको परिधिभित्र रही पूंजीगत आवश्यकताका क्षेत्रहरु जस्तै मेशिनरी औजार, सिंचाई पूर्वाधार निर्माण तथा मर्मत सम्भार, प्रारम्भिक प्रशोधन पूर्वाधारहरु (Threshing floor, storage house, collection center) लगायतका पूर्वाधार विकासका खर्च गर्न सकिनेछ । यस्ता प्रकृतिका पूँजिगत कार्यक्रमहरु संचालन गर्दा मेशिनरी औजारको लागी बढीमा ५० प्रतिशत, प्रयोगशाला सेवाहरुमा बढीमा ८५ प्रतिशत, साना सिंचाई पूर्वाधारमा बढीमा ८५ प्रतिशत र उत्पादनपरान्त तथा कृषि व्यावसाय सेवा पूर्वाधारहरुमा बढीमा ८५ प्रतिशत स्थानीय सरकारको तर्फबाट अनुदान उपलब्ध गराउन सकिनेछ ।

## खण्ड ६. कार्यक्रम अनुगमन/प्रतिवेदन

यस गाउँपालिका भित्र रहेका पकेट क्षेत्रहरुमा संचालित कार्यक्रमको अनुगमन कृषि विकास समिति गठन नहुन्जेल सम्मको लागि गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा तपशिलको ९ सदस्य अनुगमन समिति गठन गरी उक्त समितिले गर्नेछ र अनुगमन प्रतिवेदन गाउँ कार्यपालिका मा पेश तयार गर्नुपने छ ।

**<u>तपशिल :</u>**

१. उपाध्यक्ष संयोजक

२. प्रमुख प्रशासकीय अधिकृत सदस्य

३. आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

४.योजना शाखा सदस्य

५. सम्बन्धित वडा अध्यक्ष सदस्य

६. पशुसेवा शाखा सदस्य

७. कृषि संग सरोकार राख्ने संघ संस्था सदस्य

८. एक जना कृषक प्रतिनिधि सदस्य

९. कृषि शाखा प्रमुख सदस्य सचिव

७.१ स्थानीय तह भित्रका रहेका पकेट क्षेत्रहरुमा संचालित कार्यक्रमको कार्यन्वयन अनुगमन सम्बन्धित कृषि विकास शाखा तथा ईन्द्रावतीगाउँ कार्यपालिकाले गर्नेछ

७.२ मासिक, चौमासिक र बार्षिक रुपमा तोकिएको फर्मेट बमोजिमको पकेट क्षेत्रहरुमा संचालित कार्यक्रमहरुको प्रगति विवरण सम्बन्धित कृषि शाखा र गाउँ कार्यपालिकाको कार्यालय समक्ष पेश गनुपर्नेछ । उक्त निकायहरुको प्रगती तुलना गरी बार्षिक प्रगती पुस्तिका तयार गरिनेछ । चौमासिक र बार्षिक रुपमा उपलब्ध भएको प्रगति विवरणको बारेमा गाउँपालिका स्तरीय समिक्षा गरिनेछ ।

## खण्ड ७. विविध

८.१ यस कार्यविधिमा उल्लेख भएका वाहेक अन्य कुराहरु विद्यमान नर्मस, कार्यविधि, निर्देशिका, र प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

८.२ आगामी बर्षहरुमा थप हुने पकेट क्षेत्रको संख्या र पकेटमा रहने बाली/वस्तु सम्बन्धी अन्य विषयवस्तुहरु सम्बन्धित कृषि शाखा र गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

८.३ कार्यविधिको संशोधन : यस कार्यविधीको संसोधन गाउँपालिका कृर्षि विकास शाखाको राय अनुसार गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

नोटः यस कार्यविधिमा जे लेखिएता पनि केहि कुरा थपघट गर्नुपरेमा कार्यपालिकाका निर्णय बमोजिम संशोधन गरी सच्याउन सकिनेछ ।

प्रमाणिकरण मितिः २०७९।०९।०७

आज्ञाले,
रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत